८०१

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३७९/२०७१/०७२

निर्णय नं.१३

बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वार्ड नं.-१६ बस्ने अर्जुनप्रसाद जैसी ...............१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, नेपालगन्ज उपमहानरपालिका कार्यालय, बाँके .....................................१ विपक्षी
सूचना अधिकारी, नेपालगन्ज उपमहानरपालिका कार्यालय, बाँके .....................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वार्ड नं.-१६ बस्ने अर्जुनप्रसाद जेसीले नेपालगन्ज उपमहानरपालिका कार्यालय, बाँके समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।२० मा निवेदन गरेको ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नेपालगन्ज उपमहानरपालिका कार्यालय, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

तपसिल

१. यस उप-महानगरपालिकाको धम्बोजिकस्थित चन्द्रनाथ टोलमा निर्माणाधिन स्वास्थ्य केन्द्र निर्माणका लागि कति बजेट खर्च गरेको छ ? त्यसको लागत स्टिमेट कागजको प्रमाणित प्रतिलिपि र सो भवन निर्माणको लागि कहिले कसलाई ठेक्का दिइएको छ ? सो सम्झौता पत्रको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।

५. यस उद्योगबाट के कति ब्राण्डको सामाग्री उत्पादन हुन्छ र कुन दररेटमा बिक्री हुन्छ ?

६. यस उद्योगबाट फोहोर (वेष्टेज) पानी कहाँ र कसरी व्यवस्थापन गरिन्छ ?

७. यस उद्योगले के कति स्थानीय विकास निर्माणका कार्यमा सहयोग गरेको छ कि छैन ? छ भने कसलाई सहयोग गरेको छ ?

८. यस उद्योगबाट भविष्यका कर्णाधार स्थानीय युवाहरुले के कति धार्मिक, सांस्कृतिक जस्ता चेतनामूलक कार्यक्रममा सहयोग प्राप्त गरेका छन वा छैनन् ?

९. यस उद्योगमा कार्यरत सि. एम. मैनेजर कानून ऐन बमोजिम कार्य गर्दै आएका छन् वा छैनन् ?

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।